आज मिति २०८२ साल श्रावण १० गते विहान ११:०० बजे शनिवारका दिन यस ठाँटीकाँध गाउँपालिकाको ५८ औं कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री रक्ष बहादुर शाह ज्यू को अध्यक्षतामा देहाय अनुसारका पदाधिकारीज्यूहरुको उपस्थितिमा सञ्चालन गरियो।

<u>उपस्थिति</u>

| क्र सं | पदाधिकारीको नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री रक्ष बहादुर शाह | गाउँपालिका अध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री देवीराम वडुवाल | गाउँपालिका उपाध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री तुलसी प्रसाद उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ४ | श्री चक्र बहादुर वि.क. | वडाध्यक्ष | ठाँटीकाँध गापा १ दैलेख | |
| ५ | श्री प्रेम बहादुर मगर | वडाध्यक्ष | ठाँटीकाँध गापा २ दैलेख | |
| ६ | श्री भरत बहादुर वम | वडाध्यक्ष | ठाँटीकाँध गापा ३ दैलेख | |
| ७ | श्री केहरसिंह कठायत | वडाध्यक्ष | ठाँटीकाँध गापा ४ दैलेख | — |
| ८ | श्री लाल बहादुर शाही | वडाध्यक्ष | ठाँटीकाँध गापा ५ दैलेख | — |
| ९ | श्री जोरासिंह रोकाया क्षेत्री | वडाध्यक्ष | ठाँटीकाँध गापा ६ दैलेख | |
| १० | श्री कल्पना थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| ११ | श्री प्रतिमा नेपाली | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | — |
| १२ | श्री प्रेमा कामी | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | — |
| १३ | श्री मिठ्ठु थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | — |
| १४ | श्री रमेश वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | (वडा ६) |
| १५ | श्री रुपा थापा वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| आमन्त्रित कर्मचारीहरु | | | | |
| १ | श्री हरि बहादुर शाही | सूचना प्रविधि अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री लोकेन्द्र बहादुर भण्डारी | लेखापाल | ठाँटीकाँध गापा दैलेख | |
| | | | | |
| | | | | |

ठाँटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सकान्द, दैलेख
कर्णाली प्रदेश, नेपाल

तुलसी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

मिति २०८२/०४/१० गतेको ५८ औं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्तावहरु :

प्रस्ताव नं.१

चालु आ ब २०८२।०८३ को जिल्ला दररेटका अतिरिक्त स्थानीय ज्याला दररेट स्वीकृत सम्वन्धमा ।

प्रस्ताव नं २

चालु आ ब २०८२।०८३ का योजना कार्यान्वयन गर्दा बजेट सीमा र कार्य प्रकृतिका आधारमा विधि छनोट गर्ने सम्बन्धमा ।

प्रस्ताव नं ३

गाउँपालिकाले खरिद गरी सञ्चालनमा रहेका सबै सवारी साधनहरुमा अनिवार्य सरकारी नं प्लेट राख्ने सम्बन्धमा ।

प्रस्ताव नं. ४

राष्ट्रिय सतर्कता केन्द्रको निर्देशन सम्बन्धमा ।

प्रस्ताव नं.५

चालु आ ब २०८२।०८३ को बार्षिक कार्ययोजना स्वीकृत गर्ने सम्बन्धमा।

निर्णयहरु :

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ ब २०८२।०८३ को दैलेख जिल्लाले कायम गरेको दररेटका अतिरिक्त स्थानीय निर्माण सामग्रीहरुको दररेट समेत जिल्ला दररेट भन्दा बढी नहुने गरी विवरण तयार गरी स्वीकृतिका लागि आगामी कार्यपालिका बैठकमा पेश गर्न पूर्वाधार विकास शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ ब २०८२।०८३ का स्वीकृत योजना कार्यान्वयन गर्दा बजेट सीमा र कार्य प्रकृतिका आधारमा देहाय अनुसार विधि छनोट गर्ने निर्णय गरियो ।

तपसिल

क. शिलवन्दी दरभाउपत्र वा बोलपत्र मार्फत कार्यान्वयन गर्ने

१. डोजर,स्क्याभेटर जस्ता भारी मेशिनरी औजार प्रयोग गरी निर्माण वा मर्मत गर्नुपर्ने सडक फिल्ड लगायतका सबै भौतिक संरचनाहरु,

२. विद्यालय भवन निर्माण योजना बाहेक रु २५ लाखभन्दा माथिका अन्य सबै संरचनाहरु ।

ख. उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने ।

१. डोजर,स्क्याभेटर जस्ता भारी मेशिनरी औजार प्रयोग नगरी स्थानीय श्रम, सीप र साधनका माध्यमबाट निर्माण वा मर्मत गर्न सकिने योजनाहरु

२.प्रधानन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री रोजगार कार्यक्रम वा यस्तै सशर्त प्रकृतिका अन्य कार्यक्रममा भारी मेशिनरी औजारको प्रयोग पूर्णतया: निषेध गर्ने र मेशिनरी औजार प्रयोग गरेको पाईएमा सम्झौता अनुसार स्वीकृत बजेट भुक्तानी नगर्ने ।

CamScanner

ग.स्वीकृत बजेट र खरिद सम्झौता विना कुनै पनि योजना कार्यान्वयन नगर्ने,आफुखुशी विना बजेट योजना बनाई कार्यान्वयन गरेको भएमा गाउँपालिकाको कार्यालयबाट भुक्तानी नगर्ने ।

निर्णय नं ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा यस गाउँपालिकाले खरिद गरी सञ्चालनमा रहेका सबै सवारी साधनहरुमा अनिवार्य सरकारी नं प्लेट राख्ने भनि अघिल्लो आ ब मा निर्णय भएकोमा केही सवारी साधनहरुमा अजै पनि सेतो नं प्लेट राख्ने काम नभएकाले सो कार्य नभएसम्म त्यस्ता सवारी साधन सञ्चालन गर्न र सवारी चालकहरुलाई ईन्धन र मर्मत लगायतका सेवा सुविधा समेत चालु आ ब मा उपलब्ध नगराउने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा राष्ट्रिय सतर्कता केन्द्र अन्वेषण तथा अनुगमन शाखा सिंहदरवार, काठमाण्डौंको प.सं. २०८१।०८२ च.नं. अ. १६/३४६७ मिति २०८२।०३।२२ को पत्र प्राप्त भई गाउँ कार्यपालिकामा छलफल भयो सो सम्बन्धमा भए गरेको यथार्थ विवरण खुलाई जानकारी पठाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. ५

प्रस्ताव नं ५ माथि छलफल गर्दा चालू आ ब २०८२।०८३ को बार्षिक कार्यतालिका देहाय अनुसार तर्जुमा गरी स्वीकृत गर्ने र सोही अनुसार कार्य सञ्चालन गर्ने निर्णय गरियो ।

तपसिल

CamScanner

ठाटीकाँध गाउँपालिका

# गाउँ कार्यपालिको कार्यालय

## (योजना, अनुगमन तथा तथ्यांक शाखा)

### लकान्द्र दैलेख

## आ.व. २०८२/०८३ को बार्षिक कार्ययोजना

| क्र.सं. | सम्पादन गर्नुपर्ने क्रियाकलाप | समयावधि | | | मुख्य जिम्मेवार व्यक्ति/शाखा/समितिहरु | कार्य सम्पादन सुचक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | | | |
| १ | चालु बर्षमा गाउँ कार्यपालिकाबाट गाउँ कार्यपालिकाको कार्यालयलाई अख्तियारी प्रदान गर्ने | २०८२ साल श्रावण ७ गतेभित्र | — | — | गाउँपालिका अध्यक्ष | अख्तियारी पत्र | |
| २ | चालु बर्षमा गाउँ कार्यपालिकाको कार्यालयबाट वडा र विषयगत शाखालाई अख्तियारी प्रदान गर्ने | २०८२ साल श्रावण २२ गतेभित्र | — | — | शाखा प्रमुख/प्रमुख प्रशासकीय अधिकृत | अख्तियारी पत्र | |
| ३ | खरिद योजना अनुमोदन | | | | | | |
| | क) वस्तु, सेवा तथा निर्माण कार्यको खरिद योजना अनुमोदन | २०८२ भाद्र १५ गते सम्म | | | शाखा प्रमुख/प्रमुख प्रशासकीय अधिकृत | पत्राचार गरेको | |
| | ख) खरिद सूचना | २०८२ असोज मसान्त | | | शाखा प्रमुख/प्रमुख प्रशासकीय अधिकृत | सूचना प्रकाशित गरेको | |
| ४ | उपभोक्ता, आपूर्तिकर्ता तथा निर्माण व्यावसायीहरूबाट काम गराउने योजना तथा कार्यक्रमको छनौट गर्ने | २०८२ साल भाद्र मसान्तभित्र | | | शाखा प्रमुख/प्रमुख प्रशासकीय अधिकृत | निर्णयहरू | |

ठाटीकाँध गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लकान्द्र, दैलेख कर्णाली प्रदेश, नेपाल

... प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

| क्र.सं. | सम्पादन गर्नुपर्ने क्रियाकलाप | समयावधि | | | मुख्य जिम्मेवार व्यक्ति/शाखा/समितिहरु | कार्य सम्पादन सुचक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | | | |
| ५ | योजना खाता छपाई गर्ने | २०८२ साल भाद्र १५ गतेभित्र | — | — | शाखा प्रमुख | योजना खाताको नमुना | |
| ६ | गत बर्षको बार्षिक प्रगति समिक्षा | २०८२ साल भाद्र १५ गतेभित्र | — | — | शाखा प्रमुख/प्रमुख प्रशासकीय अधिकृत | पत्राचार/बैठक पुस्तिका/फोटोहरु | |
| ७ | बार्षिक योजना किताब प्रकाशन गर्ने | २०८२ साल भाद्र १५गतेभित्र | — | — | शाखा प्रमुख/प्रमुख प्रशासकीय अधिकृत | बार्षिक योजना किताबको नमुना | |
| ८ | योजनाहरुको लागत अनुमान तयार गर्ने | २०८२ साल भाद्र १ देखि शुरु | निरन्तर | २०८२ साल चैत्र १५ गते सम्म | ईन्जिनीयर | स्वीकृत योजनाहरुको लागत अनुमान तयार भएको हुने | |
| ९ | दरभाउपत्र /वोलपत्र प्रकाशन गर्ने | २०८२ साल भाद्र १५ देखि शुरु | २०८२ साल मार्ग मसान्तसम्म | | शाखा प्रमुख/प्रमुख प्रशासकीय अधिकृत | निर्णय/सूचना प्रकाशन | आवश्यकता अनुसार अन्य समयमा पनि हुन सक्ने । |
| १० | उपभोक्ता समिति गठन गर्ने | २०८२ साल भाद्र १५ देखि शुरु | निरन्तर | २०८२ साल चैत्र १५ गते सम्म | वडा सचिव सहित वडा समिति | योजना खातामा उपभोक्ता समिति निर्माण भएको देखिनु पर्ने | |

छैटीकोध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लकान्द्र, दैलेख
कर्णाली प्रदेश, नेपाल

तुलसी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

| क्र.सं. | सम्पादन गर्नुपर्ने क्रियाकलाप | समयावधि | | | मुख्य जिम्मेवार व्यक्ति/शाखा/समितिहरु | कार्य सम्पादन सुचक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | | | |
| ११ | योजना सम्झौता गर्ने | २०८२ साल भाद्र १५ देखि शुरु | निरन्तर | २०८२ साल चैत्र मसान्तसम्म मात्र | शाखा प्रमुख/प्रमुख प्रशासकीय अधिकृत | योजना खातामा उपभोक्ता समिति सँग योजना सम्झौता भएको अभिलेख | |
| १२ | उपभोक्ता समितिलाई अभिमुखीकरण तालिम सञ्चालन गर्ने | २०८२ साल असोज १५ देखि ३० गतेसम्म | २०८२ साल मार्ग १५ देखि ३० गतेसम्म | २०८२ साल चैत्र १५ गते सम्म | शाखा प्रमुख | अभिमुखीकरणका विषयवस्तु/सहभागी रुको हाजिरी | |
| १३ | प्रगति प्रतिवेदन तयार गर्ने | २०८२ मसीर महिनाको पहिलो हप्ता | २०८२ चैत्र महिनाको पहिलो हप्ता | २०८३ सालको श्रावण महिनाको पहिलो हप्ता | शाखा प्रमुखहरू/प्रमुख प्रशासकीय अधिकृत | प्रगति प्रतिवेदन / दुनपाको वेवसाईट | |
| १४ | प्रगति समिक्षा गर्ने | २०८२ मंसीर महिनाको पहिलो हप्ता | २०८२ चैत्र महिनाको पहिलो हप्ता | २०८३/०८४ को पहिलो चौमासिक | शाखा प्रमुख/प्रमुख प्रशासकीय अधिकृत | पत्राचार/बैठक पुस्तिका/फोटोहरु | |
| १५ | सार्बजनिक सुनुवाई गर्ने | २०८२ कार्तिक अन्तिम हप्ता | २०८२ फागुन अन्तिम हप्ता | २०८३ असार अन्तिम हप्ता | गाउँपालिका अध्यक्ष/गाउँपालिका उपाध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत/वडा अध्यक्ष ज्यूहरु र विषयगत शाखा प्रमुखहरु | पत्राचार/उपस्थिति तथा जाहेर प्रतिबद्धता /फोटोहरु | |

तुलसी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| क्र.सं. | सम्पादन गर्नुपर्ने क्रियाकलाप | समयावधि | | | मुख्य जिम्मेवार व्यक्ति/शाखा/समितिहरु | कार्य सम्पादन सुचक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | | | |
| १६ | योजना अनुगमन तथा सुपरीवेक्षण गर्ने र प्रतिवेदन तयार गर्ने । | २०८२ कार्तिक दोस्रो हसा | २०८२ फागुन दोस्रो हसा | २०८३ जेठ मसान्त भित्र | गाउँपालिका उपाध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत/शाखा प्रमुख र गाउँ स्तरीय योजना अनुगमन तथा सुपरीवेक्षण समितिका सदस्यहरु | अनुगमन तथा सुपरीवेक्षण समितिको कार्य योजना/अनुगमन प्रतिवेदन/ फोटोहरु | अवश्यकता अनुसार अन्य समयमा पनि हुन सक्ने । |
| १७ | स्थानीय राजश्व सम्बन्धी परामर्श सहितको सुझाव गाउँ कार्यपालिकामा पेश गर्ने | — | मिति २०८२ पुष १५ भित्र | — | गाउँपालिका उपाध्यक्ष / स्थानीय राजश्व परामर्श समिति | समितिको बैठक पुस्तिका | |
| १८ | आय व्ययको प्रक्षेपण गरिएको तथ्यांक सहितको विवरण अर्थ मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पेश गर्ने | — | मिति २०८२ पुष मसान्त भित्र | — | राजश्व शाखा /गाउँपालिका उपाध्यक्ष / स्थानीय राजश्व परामर्श समिति | पत्राचार गरेको प्रमाण | |
| १९ | अठारौं गाउँ सभा सञ्चालनका लागि पत्राचार गर्ने | — | मिति २०८२ पुष १५ भित्र | — | गाउँपालिका अध्यक्ष | पत्राचार गरेको प्रमाण | |
| २० | अठारौं गाउँ सभा सञ्चालन गर्ने | — | मिति २०८२ पुष १५ देखि ३० गतेभित्र | — | गाउँपालिका अध्यक्ष सहित गाउँ कार्यपलिका | उपस्थिति/बैठक पुस्तिका/फोटोहरु | |
| २१ | संघ र प्रदेशबाट वजेट सीमा प्राप्त गर्ने | | — | मिति २०८२ चैत्र महिना भित्र | गाउँपालिका अध्यक्ष सहित गाउँ कार्यपलिका | पत्राचार गरेको प्रमाण | |
| २२ | श्रोत अनुमान तथा बजेट सीमा निर्धारण गर्ने | — | — | मिति २०८३ वैशाख १० गतेभित्र | गाउँपालिका अध्यक्ष / श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | समितिको बैठक पुस्तिका | |

नरीकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लकान्द, दैलेख कर्णाली प्रदेश, नेपाल

तुलसी प्रसाद उपाध्याय प्रमुख प्रशासकीय अधिकृत

| क्र.सं. | सम्पादन गर्नुपर्ने क्रियाकलाप | समयावधि | | | मुख्य जिम्मेवार व्यक्ति/शाखा/समितिहरु | कार्य सम्पादन सुचक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | | | |
| २३ | गाउँ कार्यपालिकाको कार्यालयबाट विषयगत शाखा र वडा समितिलाई बजेट सिलिग तथा मार्गदर्शन पठाउने | – | – | २०८३ वैशाख १५ भित्र | शाखा प्रमुख/प्रमुख प्रशासकीय अधिकृत | पत्राचार गरेको प्रमाण | |
| २४ | टोल/वस्ती भेलाबाट योजना छनौट | – | – | २०८३ साल वैशाख मसान्तभित्र | वडा अध्यक्ष / वडा समिति | सूचना /उपस्थिति/निर्णय पुस्तिका | |
| २५ | वडा भेलाबाट योजना तथा कार्यक्रम प्राथमिकीकरण गरी गाउँ कार्यपालिकामा पठाउने | – | – | २०८३ साल जेठ १५ भित्र | वडा अध्यक्ष / वडा समिति | सूचना /उपस्थिति/निर्णय पुस्तिका | |
| २६ | विषयगत समितिहरुको बैठक सञ्चालन गर्ने | – | – | २०८३ साल जेष्ठ १ देखि १५ गतेभित्र | विषयगत समितिका सयोजक ज्यूहरु | उपस्थिति/बैठक पुस्तिका | |
| २७ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक सञ्चालन गर्ने | – | – | २०८३ साल आषाढ ०५गतेभित्र | गाउँपालिका उपाध्यक्ष/बजेट तथा कार्यक्रम तर्जुमा समिति | उपस्थिति/बैठक पुस्तिका | |
| २८ | उनाईसौं गाउँ सभाका लागि पत्राचार गर्ने | – | – | २०८३/२/२८ भित्र | गाउँपालिका अध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत | पत्राचार गरेको प्रमाण | |
| २९ | गाउँ कार्यपालिकाको बैठकबाट गा पा को २०८३/०८४ को नीति कार्यक्रम तथा बजेट स्वीकृत गर्ने | – | – | २०८३ साल असार १ देखि ५ गतेभित्र | गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष | उपस्थिति/बैठक पुस्तिका | |
| ३० | गाउँ सभामा २०८३/०८४ को नीति कार्यक्रम तथा बजेट पेश गर्ने | – | – | २०८३ साल असार १० भित्र | गाउँपालिका उपाध्यक्ष | उपस्थिति/बैठक पुस्तिका/फोटोहरु | |

प्रमुख प्रशासकीय अधिकृत

| क्र.सं. | सम्पादन गर्नुपर्ने कियाकलाप | समयावधि | | | मुख्य जिम्मेवार व्यक्ति/शाखा/समितिहरु | कार्य सम्पादन सुचक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | | | |
| ३१ | प्रस्तुत नीति कार्यक्रम तथा बजेटमाथि सभामा छलफल गर्ने तथा थपघट गर्न आबश्यक भए सुभाव सहित कार्यपालिकामा पठाउने | — | — | २०८३ साल असार ११ देखि १५ गतेसम्म | गाउँपालिका उपाध्यक्ष | उपस्थिति/बैठक पुस्तिका | |
| ३२ | गाउँ सभाबाट प्राप्त सुभाव उपर गाउँ कार्यपालिकामा छलफल तथा अबश्यक निर्णय गरी २०८३/०८४ को नीति कार्यक्रम तथा बजेट गाउँ सभामा पठाउने | — | | २०८३ साल असार १६ देखि २४ गतेसम्म | गाउँपालिका उपाध्यक्ष | उपस्थिति/बैठक पुस्तिका/फोटोहरु | |
| ३३ | अध्यक्ष र उपाध्यक्षद्वारा गाउँ सभामा प्रस्तुत २०८३/०८४ को नीति तथा कार्यक्रम र बजेट स्वीकृतिका लागि निर्णयार्थ सभामा प्रस्तुत गर्ने/ गाउँ सभाबाट स्वीकृति प्राप्त गर्ने | — | — | २०८३ साल असार २० देखि ३० गतेसम्म | गाउँपालिका अध्यक्ष/गाउँपालिका उपाध्यक्ष | उपस्थिति/बैठक पुस्तिका/फोटोहरु | |

नैंटीकाँध गाउँ कार्यपालिका लकान्द्र, कर्णाली प्रदेश

प्रमुख प्रशासकीय अधिकृत